लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, गुल्मी

तम्घास, गुल्मी

### अग्नी नियन्त्रण दस्ता नियुक्ती सम्बन्धी संसोधित सुचना

(प्रकाशित मिति २०८१/१२/०१)

प्रस्तुत विषयमा रेड कार्यान्वयन केन्द्रको च.न. ३०६ मिति २०८१/१०/२७ गतेको पत्र बमोजिम डिभिजन वन कार्यालय गुल्मीको कार्यक्षेत्र भित्र काम गर्ने गरी फायर फाईटर (अग्नी नियन्त्रण दस्ता) नियुक्ती गर्नुपर्ने भएकोले तपशिलमा उल्लिखित शर्तहरुमा मञ्जुर भई योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०८१ चैत्र ७ गते कार्यालय समय- सो दिन विदा परेमा सो को भोलिपल्ट) भित्र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाण पत्रको प्रतिलिपी, हस्त लिखित निवेदन लगायतका कागजातहरु संलग्न राखी व्यक्ती स्वयम उपस्थित भई पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

शर्तहरुः

१) डिभिजन वन कार्यालयको कार्य क्षेत्र (गुल्मी जिल्ला) भित्र वन डढेलो नियन्त्रणको लागि जुन सुकै समयमा कार्यालय प्रमुख तथा मातहतका कर्मचारीको निर्देशन बमोजिम खटिनुपर्ने छ ।
२) शारिरिक रुपमा तन्दुरुस्त हुनुपर्नेछ ।
३) सवारी चालक अनुमतिपत्र (दुई पाग्रे तथा हलुका सवारी) भएकोलाई प्राथमिकता दिईनेछ ।
४) कार्यालय प्रमुख तथा मातहतका अधिकारीको निर्देशनको पालना नगरेमा, आवश्यक परेको जुन सुकै समय (दिन/रात) मा नखटिएमा वा कुनै अनुशासन हिन कार्य गरेमा तत्काल कामबाट हटाईने छ ।
५) सुचनामा कुनै त्रुटी भएमा सो सच्याउने अधिकार डिभिजन वन कार्यालयलाई हुनेछ ।
६) छनौट विधि र प्रकृया कार्यालयले तोके बमोजिम हुनेछ ।
७) छनौट विधि र प्रकृयां सम्पर्क मितिको दिन तय गरिनेछ ।
८) अन्य कुरा कानुन बमोजिम हुनेछ ।

**माग संख्याः** ५ (पाँच)

**काम गर्नुपर्ने अवधिः** न्युनतम २.५ महिना (कार्य प्रारम्भ मिति सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।)

**सम्पादन गर्नुपर्ने कामको विवरणः** वन डढेलो नियन्त्रणका लागि प्रचार प्रसार गर्ने, वन डढेलो नियन्त्रणको लागि सुरक्षाकर्मी एवं वन कर्मचारीहरुको साथमा जुनसुकै बेला खटिने, डढेलो निभाउने, कन्ट्रोल बर्निङ्ग गर्ने, जिल्ला भित्रका आवश्यक स्थानहरुमा प्रज्वलनशिल पदार्थ व्यवस्थापन, नियमित सरसफाई लगायत वन डढेलो नियन्त्रण एवं रोकथामको लागि गर्नुपर्ने र कार्यालयले तोके बमोजिमका वन डढेलो रोकथाम सम्वन्धी सम्पुर्ण कार्यहरु ।

**निवेदन पेश गरेका उमेद्वारले सम्पर्क गर्ने मिति, समय र स्थानः** २०८१ चैत्र ०८ गते, विहान १० बजे, डिभिजन वन कार्यालय, गुल्मी

**सेवा सुविधाः** मासिक रु.१७,३००/-

**शैक्षिक योग्यताः** सामान्य लेखापढी गर्न सक्ने

भुतपुर्व सैनिक, शसस्त्र प्रहरी, नेपाल प्रहरी तथा म्यादी प्रहरी भई कार्य गरिसकेका, विगतमा वन डढेलो नियन्त्रण दस्तामा रही कार्य गरेको र विगतमा शसस्त्र वन रक्षक, वन रक्षक, वन कर्मचारी तथा वन हेरालुको अनुभव भएका व्यक्तीहरुलाई प्राथमिकता दिईनेछ ।